नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# महालक्ष्मी नगरपालिका कार्यालय ,ललितपुर

## मोटरसाइकल र स्कुटर सप्लाई सम्बन्धी बोलपत्र आहवानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७३/०९/०८ शुक्रवार अभियान राष्ट्रिय दैनिक

उल्लिखित आपूर्ती कार्य गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र खरिद गरी १६ औं दिनको १२:०० बजेसम्म बुझाई सोही दिनको २:०० वजे निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा नहुने गरी सम्बन्धित कार्यमा योग्य फर्महरुवाट सिलबन्दी बोलपत्र आव्हान गरिन्छ । यस सम्बन्धीत विस्तृत विवरण तथा **Bid Documents** महालक्ष्मी नगरपालिका कार्यालय , ललितपुर,जिल्ला प्रशासन कार्यालय ,ललितपुर र कोष तथा लेखा नियकन्त्र कार्यालय, ललितपुरबाट खरिद गरी महालक्ष्मी नगरपालिका कार्यालय ,ललितपुरमा बुझाउन सकिनेछ। बोलपत्र खरिदको लागि रु.३००/-) फिर्ता नहुने गरी (कार्यालयमा नगदै वा नेपाल बैङ्क लिमिटेड ,गावहाल ,ललितपुरमा रहेको यस कार्यालयको राजस्व खाता नं. ग-४-३-५१/०१८०३०००००००००४००३००२ मा भौचरबाट जम्मा गर्न सकिनेछ । बोलपत्रसाथ तोकिएको जमानत रकमको कम्तिमा ७५ दिनको बैङ्क जमानत वा नेपाल बैङ्क लिमिटेड, गावहाल ललितपुरमा रहेको कार्यालयको धरौटी खाता नं. ग-३-५१/०१८०३०००००००००३००००००७ मा रकम जम्मा गरेको सक्कल भौचर संलग्न हुनुपर्नेछ ।

| सि.नं. | कामको विवरण | आवश्यक संख्या | बैङ्क जमानत रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल सप्लाई GON/G/NCB/Lalitpur/MAHALAXMI/02/073/74) | २ (दुई) | रु. **१४, ८२०**/-/- |
| २ | स्कुटर सप्लाई GON/G/NCB/Lalitpur/MAHALAXMI/03/073/74) | २ (दुई) | रु. **१०, ८००**/-/- |

**सम्पर्क**: महालक्ष्मी नगरपालिका कार्यालय, ललितपुर

प्रमुख एंव कार्यकारी अधिकृत

नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# महालक्ष्मी नगरपालिका कार्यालय ,ललितपुर

## मोटरसाइकल र स्कुटर सप्लाई सम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७३/०९/०८

यस नगरपालिका कार्यालयका लागि मोटर साइकल र स्कुटर खरीद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारवाट सम्बन्धित कामका लागि इजाजत प्राप्त इच्छुक ब्यबसायीहरुवाट अधिकृत बिक्रेता वा कम्पनीवाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलबन्दी बोलपत्र आब्हान गरिएको छ ।

१. बोलपत्र फारमा खरीद गर्ने इच्छुक ब्यबसायीहरु वा कम्पनीले सम्बन्धीत फर्मको लेटर प्याडमा अधिकार प्राप्त ब्यक्तिले दस्तखत गरेको लिखित निबेदन पत्र साथ आ.व.०७३/७४ का लागि नबिकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र मुअकर दर्ता प्रमाणपत्र साथै आ.व.०७२/७३ को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि उत्पादकवाट आधिकारी प्रमाण पत्रको प्रामाणित प्रतिलिपि साथै रु ३००/- नगद रकम पछि फिर्ता नहुने गरी यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ दिनसम्म कार्यालय सयमभित्र यस कार्यालयको आर्थिक प्रशासन, जिल्ला प्रशासन कार्यालय, ललितपुर र कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरवाट खरीद गर्न सकिने छ ।

२. खरीद गरिएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको दिउँसो १२ वजे भित्र यस नगरपालिका कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर बोलपत्रवालाको नाम, ठेगाना र फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी यस कार्यालयको आर्थिक प्रशासन शाखामा दर्ता गराउन सकिने छ ।

३. बोलपत्र सम्बन्धी कागजात दाखिला गर्दा सूचना तथा बोलपत्र पुस्तिकामा उल्लेख भए वमोजिमका कुराहरु खुलेको प्रमाण बोलपत्रसाथ अनिवार्य रुपमा पेश गनुपर्नेछ । उल्लेखित मुल्यांकनका आधारहरु पुरानगर्ने बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने छैन ।

४. दर्ता भएको बोलपत्र सोही दिनको २ वजे बोलपत्र दर्ता गर्ने फमहरुको सम्बन्धीत ब्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्दा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दर्ता तथा खोलिने दिन सार्वजनिक बिदामा पर्न गएमा लगतै कार्यालयको खुलेको दिनको सोही अनुसारको समयमा दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

५. बिल अफ क्वान्टिटिमा निर्दिष्ट भए अनुसार जम्मा कबुल रकम उल्लेख गरी सो रकममा मुल्य अभिवृद्धि कर समेत जोडी कुल जम्मा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखेको मान्य हुनेछ ।

६. सिलबन्दी बोलपत्रसाथ जमानत वापत आफुले बोलपत्रमा कबुल गरेको रकमको कम्तिमा **३ प्रतिशत**ले हुन आउने रकमा नघटाई नेपाल बैक लिमिटेड, गावहाल शाखामा संचालित यस नगरपालिकाको धरौटी खाता नं ग/३/१८०/०१८०३००००००००३०००००७ धरौटीमा नगद जम्मा गरेको सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त बैकवाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम

मितिवाट **७५ दिन** सम्म म्याद भएको जमानी पत्र (**बिड बण्ड**) समावेश भएको हुनु पर्नेछ । अन्यथा बोलपत्र अयोग्य मानिनेछ ।

७. बोलपत्रदाता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न भएको (**स्पेशीफिकेशन**) तथा अन्य ब्यहोरा स्पष्ट रुपमा पढी मात्र सही छाप गरी पेश गर्नुपर्नेछ । शिलबन्दी बोलपत्रदाताको ग्राहयता प्रमाणित गर्ने कागजातहरु सिलबन्दी बोलपत्रउपर कूनै कारवाही गरिने छैन ।

८. रित नपुगेको म्याद नाघी प्राप्त भएको, केरमेट भई अंक र अक्षर नबुझी बोलपत्रदाताको हस्ताक्षर नभएको वा सिलबन्दी नभएको बोलपत्र उपर कूनै कारवाही गरिने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा आंशिक रुपमा सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. अन्य कुराहरु स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सार्वजनिक खरीद ऐन, २०६३ नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ अन्य थप जानकारीको लागि यस नगरपालिका कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| **सि.नं.** | **कामको विवरण** | **आवश्यक संख्या** | **बैङ्क जमानत रकम** |
|---|---|---|---|
| १ | मोटरसाइकल सप्लाई GON/G/NCB/Lalitpur/MAHALAXMI/02/073/74) | २ (दुई) | रु. **१४, ८२०**/-/- |
| २ | स्कुटर सप्लाई GON/G/NCB/Lalitpur/MAHALAXMI/03/073/74) | २ (दुई) | रु. **१०, ८००**/-/- |

**सम्पर्क**: महालक्ष्मी नगरपालिका कार्यालय, ललितपुर

प्रमुख एंव कार्यकारी अधिकृत